



| बहु-प्रकोप जोखिम | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| अति न्युन | १८.०७ | २०.९८ |
| न्युन | ३०.११ | ३४.९५ |
| मधययम | २१.०२ | २४.४ |
| उच्च | १६.११ | १८.७ |
| अति उच्च | ०.८३ | ०.९७ |


नक्सा ४: बहु-प्रकोप जोखिम विवरण, वित्थडचिर गाँउपालिका, बझाङ

स्रोत : वित्थडचिर गाँउपालिकाको कार्यालय, २०२१

## उपकरणहरू



फोटो १: वर्षा मापक यन्त्र, आटिचौर, बाजुरा



फोटो २: नदीको जलस्तर मापक यन्त्र, चिसापानी, कैलाली




फोटो ३: स्वचालित मौसम मापक यन्त्र, ओलेना, बाजुरा

## अपेक्षित परिणामहरू

१. कम्तीमा ४ स्थानीय तहहरूमा जलवायुसम्बन्धी तथ्याङ्क र सूचनाहरू उपलब्ध हुने र विपद् व्यवस्थापनका लागि यसको प्रयोगमा सहयोग पुग्ने ।
२. कम्तीमा ४ समुदायहरूमा मौसम स्टेसनहरूको अनुगमन, सञ्चालन तथा मर्मतसम्भारका लागि क्षमता अभिवृद्धि हुने ।
३. जोखिम क्षेत्रका समुदायहरूको पूर्वतयारी, जोखिम न्यूनीकरण र द्रुत प्रतिक्रियाका लागि क्षमता अभिवृद्धि हुने ।
४. अनुसन्धानमा २ जना विद्यार्थी संलग्न भई २ वटा शोधकार्य तयार हुने ।
५. जोखिम व्यवस्थापन सम्बन्धी नीतिनियमहरुका लागि सुझाव तयार हुने र जानकारीमूलक भिडियो तथा पोस्टरहरू तयार भई स्थानीय सरोकारवालाहरू समक्ष पुग्ने ।

## मौसम तथ्याङ्क सङ्कलनका स्टेसनहरू


| स्टेसन | संख्या | स्थान |
|---|---|---|
| वर्षा मापन | ७ | बझाङ-२ र बाजुरा-५ |
| स्वचालित मौसम मापन | १ | बाजुरा |
| नदीको जलस्तर मापन | १ | कैलाली (कर्णाली नदी) |

THE SMALL EARTH NEPAL-2001

unesco


The Small Earth Nepal (SEN)
फोन नं.: ९७७-९८४७६९४१३९
पोष्ट बक्स नं.: २०५३३, काठमाडौं, नेपाल
ईमेल: info@smallearth.org.np


# Landslide Environmental Virtual Observatories (L-EVO) Project



landslide EVO
environmental virtual observatories

## पृष्ठभूमि

कर्णाली क्षेत्रले नेपालको करिब एक तिहाई क्षेत्रफल ओगटेको छ र जनसङ्ख्याको हिसाबले थोरै जनघनत्व छ । यस क्षेत्रको भौगोलिक अवस्था समुद्री सतह देखि १०० मिटर तराई हुदैं ६५०० मिटर भन्दा अग्ला हिमालहरुसम्म फैलिएको छ । सामाजिक तथा आर्थिक हिसाबले कर्णाली नेपालकै पिछडिएको क्षेत्रमा पर्दछ । भौगोलिक तथा जलवायु परिवर्तनको कारणले गर्दा यो क्षेत्र बाढी र पहिरो जस्ता प्रकोपबाट प्रभावित छ । वर्षेनी हजारौं परिवार र लाखौं व्यक्तिहरु यस्ता प्रकोपबाट प्रभावित हुने गरेका छन् भने सयौं मानवीय र करोडौंको आर्थिक तथा भौतिक क्षति हुने गरेको छ । बझाङ जिल्ला, बित्थडचिर गाउँपालिकाको सुनकुडा क्षेत्र र बाजुरा जिल्ला, बुढिगङ्गा नगरपालिकाको बजेडी क्षेत्र पहिरोबाट अत्यधिक जोखिममा छन् । जोखिम क्षेत्र पहिचान, न्यूनीकरण, पूर्व सूचना प्रणाली विकास, अध्ययन अनुसन्धान र नागरिक वैज्ञानिक (Citizen Scientist) विकास तथा परिचालन गर्ने उदेश्यले United Nations Educational, Scientific and Cultural Organization (UNESCO) को आर्थिक सहयोगमा L-EVO (Landslide Environmental Virtual Observatories) नामक परियोजना सन् २०१७ देखि सञ्चालन भैरहेको छ । The Small Earth Nepal (SEN) ले हाल यस परियोजनाअन्तर्गत जलवायुको तथ्याङ्क सङ्कलन, जनसचेतनामूलक कार्यक्रमहरू स्थानीय सरकार, समुदाय र सरोकारवालाहरूको समन्वयमा सञ्चालन गर्दै आएको छ ।

## परियोजनाका उदेश्यहरु

१. जलवायुसम्बन्धी जानकारी, खतरा र जोखिम न्यूनीकरणका प्रक्रियाहरूका बारेमा स्थानीय सरोकारवालाहरू र समुदायहरूलाई जागरूक गराउने ।
२. तापक्रम, वर्षा तथा जलस्तर मापन स्टेशनहरुबाट तथ्याङ्क संकलन गर्ने, यसको उपयोगिता बढाउने साथै योजना तथा नीति निर्माणका लागि स्थानीय सरोकारवालाहरूलाई सूचित गर्ने ।
३. समुदायको सहभागितामा जलवायु जोखिम न्यूनीकरण र व्यवस्थापन, जलवायु तथ्याङ्कको उपयोगिता र प्रयोगका बारेमा स्थानीय सरोकारवालाहरूलाई शिक्षित गर्ने ।
४. स्थानीय योजना तथा प्रक्रियाहरूमा विपद् व्यवस्थापनलाई समावेश गर्ने तथा समुदाय र नीति निर्माताहरू (स्थानीय सरकार) बिचको सम्बन्धलाई सुदृढ गर्ने ।
५. सामाजिक सञ्जाल, स्थानीय पत्रपत्रिका तथा रेडियोमार्फत परियोजनाका परिणामहरूलाई स्थानीयसमक्ष पुऱ्याउने ।

## कार्यक्रमहरु

| कार्यक्रम | गतिविधि | संख्या | लक्षित जनसंख्या |
|---|---|---|---|
| इको क्लब गठन | सामुदायिक विद्यालयहरुमा इको क्लब गठन गरी विद्यार्थी तथा वरिपरिका समुदायलाई जलवायु, प्रकोप तथा बाढी, पहिरो सम्बन्धी जानकारी, शिक्षा र जनसचेतनामुलक कार्यक्रम गर्ने । | ५ | २,५०० विद्यार्थी र २,५०० घरधुरी |
| रेडियो कार्यक्रम | जलवायु, प्रकोप तथा बाढी, पहिरो सम्बन्धी जानकारी तथा सचेतनामूलक कार्यक्रमहरु विकास गरी स्थानीय रेडियोहरुबाट प्रसारण गर्ने । | ६ | ४,००,००० |
| लेख प्रकाशन | जलवायु, प्रकोप तथा बाढी, पहिरो सम्बन्धी जानकारी, शिक्षा र जनचेतनामूलक लेखहरु स्थानीय पत्रिकाहरुमा प्रकाशन गर्ने । | ३ | ५०,००० |
| सूचना बोर्ड स्थापना | प्रभावित क्षेत्रका विभिन्न स्थानहरुमा सूचनामूलक सन्देश तथा जोखिम सङ्केत गर्ने नक्सा सहितका सूचना बोर्ड स्थापना गर्ने । | ६ | |
| अनुसन्धान तथा शोध | स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थीलाई शोधकार्यमा सहयोग गर्ने । | २ | २ विद्यार्थी |
| भिडियो प्रकाशन | सूचनामूलक भिडियो तयार गरी सामाजिक सञ्जालमा पोष्ट गर्ने । | २ | ५,००,००० |
| नीति तथा सुझाव | अध्ययन, अनुसन्धान पश्चात नीति निर्माणका लागी सुझाव तयार गर्ने । | २ | ३,५०,००० |

## परियोजना सम्बन्धि जानकारी


कार्यान्वयन: The Small Earth Nepal (SEN)
कार्यक्रम क्षेत्र: सुनकुडा (बित्थडचिर गाँउपालिका, बझाङ) र बजेडी (खप्तड छेडेदह गाँउपालिका, बुढीगङ्गा नगरपालिका, बाजुरा)
कार्यक्रम अवधि: मे २०२२ देखि मे २०२३
आर्थिक सहयोग: United Nation Educational, Scientific and Cultural Organization (UNESCO)

## परियोजना र जोखिमका क्षेत्रहरु





१. बजेडी पहिरो क्षेत्र
क. खप्तड छेडेदह गाउँपालिका, बाजुरा
ख. बुढीगङ्गा नगरपालिका, बाजुरा
२. सुनकुडा पहिरो क्षेत्र
बित्थडचिर गाउँपालिका, बझाङ

नक्सा १: परियोजना क्षेत्र, बझाङ र बाजुरा




नक्सा २: बहु-प्रकोप जोखिम विवरण, खप्तड छेडेदह गाँउपालिका, बाजुरा
स्रोत : खप्तड छेडेदह गाँउपालिकाको कार्यालय, २०२१




नक्सा ३: बहु-प्रकोप जोखिम विवरण, बुढीगङ्गा नगरपालिका, बाजुरा
स्रोत : बुढीगङ्गा नगरपालिकाको कार्यालय, २०२१